# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN

वर्ष ३०. अकं १, वैशाख २०८२ Apr/May 2025


## उवासंघ चितवनद्धारा भरतपुर २२ का उद्यमी बन्न चाहाने महिलाहरुलाई लक्षित आचार बनाउने तालिम सम्पन्न







भरतपुर महानगरपालिका वडा नं २२ को वडा कार्यालयको सभाहलमा उद्योग वाणिज्य संघ-चितवनको आयोजना एवम् सूनौलो पटिहानी बजार व्यवस्थापन समितिको समन्वयमा २०८२ वैशाख १७ गते दखी १९ गते सम्म ३ दिने उद्यमशिलता विकासका लागि अचार बनाउने तालिम सञ्चालन गरी सम्पन्न भएको थियो । तालिमको उद्घाटन कार्यक्रममा स्वागत गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले उद्यमशिताको विकास विना कुनै पनि क्षेत्रको आर्थिक समृद्धि नहुने बताउँदै उद्यमशिलता विकासको लागि सिप आवश्यक पर्ने बताउनुभएको थियो । उहाँले स्थानिय बस्तुहरुलाई प्रयोग गरि बस्तुको मूल्य अविवृद्धि गर्न तालिमले सहयोग गर्ने बताउनुभएको थियो । उहाँले तालिममा सहभागि प्रशिक्षर्थीहरुलाई प्रशिक्षकसँग अचार सम्बन्धी धेरै तरिकाहरुका बारेमा सिक्न आग्रह गर्दै

बाँकी ३ नं. पेजमा...

## उद्योगी व्यवसायीलाई लक्षित गरी डिजिटल सक्षरता एवम् साईबर सुरक्षा सम्बन्धी अभिमुखिकरण सम्पन्न




उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा २०८२ वैशाख १९ गते डिजिटल साक्षरता एवम् साईबर सुरक्षा सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रम उद्योग वाणिज्य संघ-चितवन र कम्प्यूटर एशोसियसन नेपाल महासंघ जिल्ला शाखा चितवनको सयुक्त आयोजनामा भएको थियो । कार्यक्रम डिजिटल उकपरण कसरी प्रयोग गर्ने र त्यसका नीति निमयमका बारेमा जानकारी गराउने उद्देश्यले गरिएको थियो । कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले संघले कृषि, शिक्षा, पर्यटन र स्वास्थ्य क्षेत्रमा काम गर्दै आईरहेकोमा यस वर्ष देखि सूचना प्रविधिलाई पनी विकासको पूर्वधारको रुपमा अगाडी सारेको बताउनुभएको थियो । उहाँले

# चितवन प्रहरी प्रमुख गोविन्द पुरीलाई संघमा स्वागत एवम् छलफल कार्यक्रम सम्पन्न




उद्योग वाणिज्य संघ-चितवनले २०८१ वैशाख २८ गते संघको सचिवालयमा एक कार्यक्रमको आयोजना गरि चितवन जिल्ला प्रहरी प्रमुखको स्वागत गरि एको थियो । चितवन जिल्लाका लागि नवआगन्तुक प्रहरी प्रमुखको रुपमा आउनुभएका प्रहरी उपरिक्षक गोविन्द पुरीलाई संघमा स्वागत गरेको हो । स्वागत कार्यक्रममा मन्तब्य व्यक्त गर्दै संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले संघको बारेमा जानकारी गराउनुभएको थियो । उहाँले विगत लामो समय देखी उद्यमी व्यवसायी र प्रहरी प्रशासन एक आपसमा सहकार्य गर्दै अगाडी बढेको जानकारी गराउँदै आगामी दिनहरुमा पनि सहकार्य रहिरहने अपेक्षा व्यक्त गर्नुभएको थियो । कार्यक्रममा स्वागत गर्नुहुँदै अध्यक्ष श्रेष्ठले पर्यटनलाई केन्द्रीत गरेर कार्यक्रम सञ्चालन गर्न सकिएमा आर्थिक चलायमान हुने बताउँदै पर्यटकीय सुरक्षाका लागि अनुरोध गर्नुभएको थियो । उहाँले जिल्लाको शान्ति सुरक्षाको सवालमा समेत प्रहरीसँग हातेमालो गर्दै अगाडि बढ्ने प्रतिवद्धता जनाउँदै चितवन बसासईको पूर्ण सफलताको कामना व्यक्त गर्नुभएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरिक्षक गोविन्द पुरीले चितवन जिल्लाको शान्ति, सुरक्षा र अमन चयनमा कुनै कसुर नराख्ने बताउँदै उहाँले शान्ति सुरक्षा व्यवस्थापनमा उद्योगी, व्यवसायीको तर्फबाट पनि सहकार्यको अपेक्षा राखेको धारणा व्यक्त गर्नुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठले संघले आर्थिक, सामाजिक, औद्योगिक र व्यवसायिक विकासमा खेलेको भूमिकाको बारेमा बताउँदै पार्किङ्ग व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउने तर्फ ध्यान दिन अनुरोध गर्दै पार्किङ्ग व्यवस्थापनमा उद्योग वाणिज्य संघ-चितवन पनि सहकार्य गर्न तयार रहेको बताउनुभएको थियो । कार्यक्रममा संघका उपध्यक्ष त्रय राजेन्द्र ओली, अशोक अधिकारी, नारायण प्रधान, कार्यकारी निर्देशक निलबहादुर के.सी लगायत संघका कार्यसमिति सदस्य विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारीहरुको उपस्थिति रहेको थियो । संघका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षता एवम् संघका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले धन्यवाद ज्ञापन गर्नुभएको स्वागत एवम् छलफल कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

